# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या :१४ असोज १०, २०८१

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०६/०८ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | मुख्यमन्त्री नव पर्वर्तन कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको सूचना प्रकाशन गर्ने टनेलको हकमा कम्तिमा २ वटा टनेल निर्माण भएको हुनु पर्ने |
| ३ | १५ शैयाको आधारभूत अस्पतालमा बाँकी रहेको छुटपुट काम सम्पन्न गरि विनियोजित रकमबाट निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्ने । आधारभूत अस्पताल सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाई गौंडाकोट स्वास्थ्य चौकी र स्वास्थ्य शाखालाई अस्पताल भवनमा सारी अस्पताल सञ्चालन गर्ने निर्णय गरियो । |
| ४ | गाउँपालिका स्तरिय मोटर बाटोहरु खर्ज्याङ्ग दरबार घुम्ति, गौंडाकोट जुभुङ्ग मजुवा, झिरबास नेटा वडा कार्यालयलय रैनादी डल्लीखोला, वडा कार्यालय लुम्पेक खौवा, नेटा थाक्सि पोखरा रैनादी, म्यलपोखरी फेदी, ठूलाचौर लामडाँडा राजा, गौंडाकोट रेसुङ्गा झिरबास, उपल्लोहटीया चिनियापोखरी भरवा राङ्गबास फेदी खर्ज्याङ्ग, दोवाटा माझपोखरी रेसुङ्गा एयरपोर्ट जोड्ने मोटर बाटोहरु दशैं अगाडि नै मर्मत संभार सम्पन्न गर्ने निर्णय गरियो । |
| ५ | वीरबास स्वास्थ्य चौकीको बाँकी काम गर्नको लागि निर्माण व्यवसायीलाई अनुरोध गर्ने र विनियोजित रकमबाट भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाबाट एकघर एकधारा कार्यक्रम अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरुको काम सम्पन्न भएकाको कार्यसम्पादन मूल्याङ्कन तयार गर्न लगाउने र काम गर्न बाँकी रहेका कामहरु तत्काल गर्न लगाइ कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । |
| ७ | गुल्मीदरबार गाउँपालिका वडा नं. ४ को सभाहल व्यवस्थापनका लागि फर्निचर सामाग्री माग भएको हुँदा लागत स्टिमेट तयार गर्न लगाउने र सोहि बमोजिम व्यवस्था मिलाउने निर्णय गरियो । |
| ८ | अध्यक्ष कप खेलकुद कार्यक्रम अन्तर्गत महिला/पुरुष भलिवल, म्याराथुन र स्लो बाइक रेस दशैं र तिहारको बीचमा सम्पन्न गर्ने गरि बजेटको परिधि भित्र रहेर सञ्चालन गर्न गाउँपालिका स्तरिय खेलकुद विकास समितिलाई जिम्मा दिने निर्णय गरियो |
| ९ | गुल्मीदरबार गाउँपालिका वडा नं. ४ का वडा सदस्य अमर बहादुर सनानीको उपचारको क्रममा मिति २०८१/०५/२३ गते मृत्यु भएको हुँदा उपचार खर्च बापत निजको परिवारलाई रु.२०००००।–(दुई लाख) उपलब्ध गराउने र नेकपा एमालेको गाउँ अधिवेशनका लागि आर्थिक सहयोगरु.३००००।( तीस हजार) उपलब्ध गराउने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिकाका जनप्रतिनिधिहरुको बिमा गर्ने निर्णय गरियो । |
| ११ | गुल्मीदरबार गाउँपालिकामा करारमा कार्यरत पशु प्राविधिकहरु हरि प्रसाद कँडेल र जय हिमाल कँडेलको मासिक पारिश्रमिक न्यून रहेको हुँदा २०८१ कार्तिक १ गते देखि लागु हुने गरि रु.५०००/५०००।– थप गरि तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो । |
| १२ | गुल्मीदरबार गाउँपालिका बासी नागरिकहरुलाई बाँदरले मकै खेतिको समयमा खेतिपाति जोगाउन समस्या भएको हुँदा हेरालुहरु राखि बाँदर नियन्त्रण गरेको हुँदा वडा नं. ४ को हकमा रु.१३००००।–र बाँकी रहेका वडाहरुको लागि रु.१०००००।–का दरले बाँदर हेरालुको र बाँदर नियन्त्रणको लागि निर्माण गरिएका खोरको रकम रु. खर्च उपलब्ध गराउने निर्णय गरियो । |

| | |
|---|---|
| १३ | गुल्मीदरबार गाउँपालिका वडा नं. ४ का वडा सदस्य अमर बहादुर सनानीको मिति २०८१/०५/२३ गते उपचारको क्रममा असमायीक निधन भएको हुँदा गुल्मीदरबार गाउँपालिका परिवार स्तब्ध एवं मर्माहत भएका छौं । दिवङ्गत आत्माको चिरशान्ती एवं कैवल्य प्राप्तीको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । दुःख यस घडिमा शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत